स्थानीय सरकार

ब्रह्मपुरी गाउँपालिका

# स्थानीय राजपत्र

ब्रह्मपुरी गाउँपालिकाबाट प्रकाशित

बर्ष ८ ब्रह्मपुरी गाउँपालिका,असार १०, २०८१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम ब्रह्मपुरी गाउँपालिकाको गाउँ सभाबाट जारी गरेको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

संवत् २०८१ सालको ऐन नं. १

# ब्रह्मपुरी गाउँपालिकाको स्वास्थ्य सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको "ब्रह्मपुरी गाउँपालिका स्वास्थ्य सेवा ऐन, २०८१"

**प्रस्तावनाः** ब्रह्मपुरी गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने बासिन्दाहरुको आधारभूत स्वास्थ्यको सुरक्षा गर्दै उच्चस्तरीय विशेषज्ञ स्वास्थ्य सेवा समेत स्थानीय स्तरमै उपलब्ध गराउन स्पष्ट कानुनी आधार तयार गरी स्वास्थ्य संस्थाहरुको सञ्चालन गर्नुवाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२१ अन्तर्गत अनुसूची ८ को क्रमसंख्या ९ मा उल्लेखित अधिकार तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ उपदफा २ को खण्ड (झ) मा भएको व्यवस्थालाई कार्यान्वयन गर्न सोही ऐनको दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी ब्रह्मपुरी गाउँपालिकाको गाउँ सभाले यो ऐनको तर्जुमा गरी लागू गरेको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "ब्रह्मपुरी गाउँपालिका स्वास्थ्य सेवा ऐन,२०८१" रहेको छ ।

(२) गाउँ सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएपछि ब्रह्मपुरी गाउँपालिका क्षेत्रभित्र यो ऐन लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले "ब्रह्मपुरी गाउँपालिका स्वास्थ्य सेवा ऐन, २०८१" लाई सम्झनु पदर्छ ।

(ख) "संघीय ऐन" भन्नाले संघीय सरकारद्वारा जारी भई प्रचलनमा रहेको"जनस्वास्थ्य सेवा ऐन,२०७५" र संघीय सरकारकै स्वास्थ्य सम्बन्धि अन्य ऐनहरुलाई समेत बुझनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले ब्रह्मपुरी गाउँपालिका कार्यपालिकालाई सम्झनु पर्छ ।

(घ) "सरकारी वा सामुदायिक" भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा सञ्चालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(ङ) "निजी" भन्नाले सेवा सँगसँगै नाफाको समेत उद्देश्य राखी सञ्चालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पदर्छ ।

(च) "ट्रष्ट वा लोक कल्याणकारी" भन्नाले ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरु मार्फत सञ्चालन हुने स्वास्थ्य सेवालाई सम्झनु पर्दछ ।

(छ) "स्थानीय स्वास्थ्य समिति" भन्नाले ऐनको दफा ४९ को उपदफा (२) बमोजिम बनेका "स्थानीय स्वास्थ्य समिति" लाई सम्झनु पर्दछ ।

(ज) "प्राविधिक समिति" भन्नाले ऐनको दफा ५० को उपदफा (२) बमोजिमको ब्रह्मपुरी गाउँपालिकाको " प्राविधिक समिति " लाई सम्झनु पर्दछ ।

(झ) "आकस्मिक स्वास्थ्य सेवा" भन्नाले आकस्मिक घटना वा आपत्कालीन अवस्था परी जोखिमयूक्त अवस्थामा रहेका व्यक्तिहरुलाई जोखिममुक्त गर्न, जीवन वा अङ्ग गुम्नबाट बचाउन दिनुपर्ने प्रारम्भिक तथा तत्कालकोसेवालाई सम्झनु पर्दछ ।

(ञ) "आधारभूत स्वास्थ्य सेवा" भन्नाले ऐनको दफा ३ को उपदफा (४) बमोजिम आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लागि राज्यबाट नि:शूल्क उपलब्ध हुने प्रबद्र्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुनर्सथापनात्मक सेवाहरुलाई सम्झनु पर्दछ ।

(ट) "गैरसरकारी वा निजी स्वास्थ्य संस्था" भन्नाले प्रचलित कानुन बमोजिम स्वीकृति लिई गैरसरकारी वा निजी क्षेत्रको लगानी तथा स्वामित्वमा सञ्चालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(ठ) "जोखिमयूक्त क्षेत्र" भन्नाले कार्यस्थल वा कार्य प्रकृतिका कारण मानव स्वास्थ्यमा नकारात्मक प्रभाव पार्ने कुनै पनि रासायनिक, भौतिक तथा जलवायु परिर्वतनजन्य, संक्रमितहरुको बसोबास रहेको, मनोसामाजिक, शारीरिक, भौतिक तथा भौगोलिक अवस्था रहेको कार्यक्षेत्रलाई सम्झनु पर्दछ र यस शब्दले स्वास्थ्य उपचारको बेला वा क्रममा स्वास्थ्यकर्मी माथि हुने सम्भाव्य जोखिमलाई समेत जनाउनेछ ।

(ड) "परम्परागत उपचार प्रदायक" भन्नाले परम्परागत रुपमा जडिबुटी, खनिज आदि वा अन्य विशेषज्ञताको आधारबाट उपचार प्रदान गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

(ढ) "शाखा" भन्नाले ब्रह्मपुरी गाउँपालिकाको स्वास्थ्य विषय हेर्ने शाखालाई सम्झनु पर्छ ।

(ण) "सेवाग्राही" भन्नालेस्वास्थ्य संस्थामा स्वास्थ्य सेवा लिन आएका व्यक्ति वा अलग व्यवस्थापन सहित स्वास्थ्य संस्था स्वयंले गई उपचार गरिदिनु पर्ने व्यक्ति वा त्यसरी छुट्याइएका व्यक्तिहरुको समूहलाई सम्झनु पर्दछ ।

(त) "सेवा प्रदायक" भन्नाले मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य सेवाका विषयमा निश्चित योग्यता वा तालिम हासिल गरी स्वास्थ्य संस्थामा कार्यरत रहेका चिकित्सक, स्वास्थ्यकर्मी र सामुदायिक स्वास्थ्य कार्यकर्ता समेतलाई सम्झनु पर्दछ ।

(थ) "स्वास्थ्य सेवा" भन्नाले आधुनिक चिकित्सा (एलोप्याथी), आयुर्वेद, होमियोप्याथी, युनानी, प्राकृतिक चिकित्सा, योग, अकुपञ्चर आदि पद्धतिमा आधारित भई सेवाग्राहीलाई प्रदान गरिने प्रतिकारात्मक, प्रबद्र्धनात्मक, निदानात्मक, उपचारात्मक, पुनरुथापनात्मक आदि प्रकृतिको स्वास्थ्य सेवालाई सम्झनु पर्दछ ।

(द) "निदान केन्द्र" (डाईग्नोस्टिक सेन्टर) भन्नाले रेडियो ईमेजिङ, प्रयोगशालाबाट गरिने जैविक तथा पराजैविक जाँच लगायतका निदानात्मक

सेवाहरू प्रदान गर्न कानून बमोजिम ईजाजत प्राप्त संस्थाले सञ्चालन गरेको सेवा केन्द्रलाई सम्झनुपर्दछ ।

(ध) "सूचित सहमति" भन्नाले कानूनी रुपमा सक्षम प्राकृतिक व्यक्तिले स्वास्थ्य सेवा लिनका लागि दिएको लिखित वा मौखिक सहमतिलाई सम्झनु पर्दछ ।

(न) "मन्त्रालय" भन्नाले स्वास्थ्य सम्बन्धि विषय हेर्ने नेपाल सरकारको मन्त्रालयलाई सम्झनु पर्दछ ।

(प) "स्वास्थ्य संस्था" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा संचालन गर्न अनुमति प्राप्त अस्पताल,पोली क्लिनिक,स्वास्थ्य क्लिनिक,प्रयोगशाला जस्ता सेवाहरू सञ्चालन गर्ने संस्था सम्झनु पर्छ र सो शब्दले आयुर्वेद अस्पताल समेतलाई जनाउँछ।

(फ) "फार्मेसी/औषधी पसल/मेडिकल" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भै औषधीको बिक्री वितरण गर्ने (थोक तथा खुद्रा) संस्थालाई सम्झनु पर्दछ।

(ब) "भवन संहिता" भन्नाले भवन ऐन, २०५५ को दफा ३ को उपदफा (२) बमोजिम नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय भवन संहिता सम्झनु पर्छ ।

(भ) "भवन निर्माण मापदण्ड" भन्नाले भवन निर्माण सम्बन्धी मापदण्ड, २०६४ मा उल्लेखित मापदण्ड सम्झनु पर्छ ।

## परिच्छेद - २

## सेवाग्राहीको अधिकार, कर्तव्य तथा स्वास्थ्य संस्थाको दायित्व

३. स्वास्थ्य सेवाको पहुँच तथा सुनिश्चितता: (१) गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने प्रत्येक नागरिकलाई सहज र सर्वसुलभ रुपमा गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकार हुनेछ ।

(२) उपदफा (१) बमोजिमको सेवा प्राप्त गर्ने प्रयोजनका लागि नेपाल सरकारको प्रचलितकानून तथा गाउँपालिकाले समय समयमा तोके बमोजिमका स्वास्थ्य सम्बन्धि कार्यक्रम वा कार्यक्रमहरुमा समावेश हुनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।

(३) उपलब्ध स्वास्थ्य सेवाबाट कुनै पनि नागरिकलाई वञ्चित गरिने छैन ।

(४) प्रत्येक नागरिकलाई देहायका शीर्षक अन्तर्गतका तोकिए बमोजिमका आधारभूत स्वास्थ्य सेवाहरु सहज र सर्वसुलभ रुपमा नि:शूल्क प्राप्त गर्ने हक हुनेछ।

(क) नियमित खोप सेवा ।

(ख) एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण सेवा, गर्भवती, प्रसव तथा सुत्केरी सेवा,परिवार नियोजन, गर्भपतन तथा प्रजनन स्वास्थ्यजस्ता मातृ, नवजात शिशु तथा बालस्वास्थ्य सेवा ।

(ग) सरुवा, महामारी वा संक्रामक रोग सम्बन्धि सेवा ।

(घ) नसर्ने रोग तथा शारीरिक विकलाङ्गता सम्बन्धि सेवा ।

(ङ) मानसिक रोग सम्बन्धि सेवा ।

(च) जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धि सेवा ।

(छ) सामान्य र आकस्मिक अवस्थाका सेवाहरु ।

(ज) स्वास्थ्य प्रबद्र्धन सेवा ।

(झ) आयुर्वेद लगायत अन्य मान्यता प्राप्त वैकल्पिक स्वास्थ्य सेवा ।

(ञ) संघीय सरकारले सूचना जारी गरी तोकेका अन्य स्वास्थ्य सेवा ।

(ट) मधेश प्रदेश सरकारले राजपत्रमा सूचना जारी गरी तोकेका अन्य स्वास्थ्य सेवा ।

(ठ) गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना जारी गरी तोकेका अन्य स्वास्थ्य सेवा ।

(५) उपदफा (४) बमोजिम नेपाल सरकारले तोकेका आधारभूत स्वास्थ्य सेवाहरुको विस्तृत विवरण, सेवाप्रवाह तथा व्यवस्थापन सम्बन्धि अन्य व्यवस्था तथा प्रक्रिया मन्त्रालयले तोके बमोजिम हुनेछ ।

(६) उपदफा (४) बमोजिम नेपाल सरकारले तोकेका आधारभूत स्वास्थ्य सेवाहरुमा गाउँपालिकाले थप गर्न सक्नेछ । थप गरिएका सेवाहरुको हकमा पर्ने आर्थिक भार गाउँपालिकाले व्यहोर्ने वा संघ वा प्रदेश वा अन्य संघ संस्थाहरुसँगको आर्थिक एवं प्राविधिक सहयोग वा साझेदारीमा समेत सञ्चालन गर्न सक्नेछ ।

(७) गाउँपालिकाले संघ, प्रदेश वा अन्य संघ संस्थाहरु अन्तर्गत संचालित स्वास्थ्य संस्थाहरुको साझेदारीमा समेत आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न सक्नेछ ।

४. **आकस्मिक उपचार सेवाः** (१) संघीय सरकार वा प्रदेश सरकारले तोके बमोजिमका आकस्मिक स्वास्थ्य सेवा वा आपत्कालीन उद्धार वा अन्य स्वास्थ्य सेवाहरु गाउँपालिका क्षेत्रभित्र सर्वसुलभ रुपमा प्रदान गर्न गराउनको लागि गाउँपालिकाले स्वास्थ्य संस्थाहरुको समन्वय गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको स्वास्थ्य सेवा उपलब्ध गराउनु प्रत्येक स्वास्थ्य संस्था भित्रका कर्मचारीहरुको कर्तव्य हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै स्वास्थ्य संस्थामा आकस्मिक र अत्यावश्यक स्वास्थ्य सेवा तत्काल उपलब्ध हुन नसक्ने अवस्था रहेमा त्यस्तो स्वास्थ्य संस्थाले सोसंस्थाबाट तत्काल उपलब्ध हुन सक्ने उपचार उपलब्ध गराई थप उपचारका लागि सेवाग्राहीलाई अन्य स्वास्थ्य संस्थामा प्रेषण गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम उपचार गर्दा लागेको खर्च सम्बन्धित सेवाग्राहीको स्वास्थ्य बीमा गरिएको भए सो बीमाबाट र स्वास्थ्य बीमा नगरिएको भएमा वा स्वास्थ्य बीमाको रकमले नपुग्ने देखिएमा नपुग हुन आए बराबरको रकम सम्बन्धित सेवाग्राही व्यक्ति स्वयं, निजको अभिभावक, परिवारको सदस्य, संरक्षक वा संरक्षकत्व ग्रहण गरिएको व्यक्तिले व्यहोर्नु पर्नेछ । तर, आधारभूत स्वास्थ्य सेवा अन्तर्गत पर्ने स्वास्थ्य सेवा स्वास्थ्य संस्थाले नि:शूल्क रुपमा उपलब्ध गराउनु पर्नेछ ।

(५) यस दफा बमोजिम आकस्मिक प्रकृतिको उपचार सेवा प्रदान गर्दा पहिले उपचार सुरु गरेर त्यसपछि मात्र सम्बन्धित सेवाग्राही वा निजको संरक्षकलाई त्यस्तो सेवा प्राप्त गर्दा पूरा गर्नु पर्ने प्रक्रियाहरु पूरा गर्न लगाउनु पर्नेछ ।

(६) आकस्मिक उपचार सेवा सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५. **विशेषज्ञ स्वास्थ्य सेवा:** (१) गाउँपालिका क्षेत्रको भौगोलिक अवस्था, रोगको प्रकोप दर, फैलावटको स्थिति, सेवाको प्रकृति वा अन्य उपयूक्तताका आधारमा गाउँपालिकाले विशेषज्ञ स्वास्थ्य सेवा, घुम्ती सेवा वा अन्य आपत्कालीन सेवाको व्यवस्था तत्काल मिलाउनु पर्नेछ ।

(२) कुनै पनि गैरसरकारी वा सामाजिक संघ संस्थाले विशेषज्ञ स्वास्थ्य शिविर वा अन्य सेवा सञ्चालन गर्दा गाउँपालिकासँग स्वीकृति लिएर मात्र सञ्चालन गर्नु पर्नेछ । तर, रक्तदान वा यस्तै अन्य जीवनदायिनी सेवाका

शिविर सञ्चालन गर्दा भने गाउँपालिकालाई जानकारी नदिएर पनि सञ्चालन गर्न बाधा पर्ने छैन ।

(३) विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराउने सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६. **<u>प्रेषण (रेफरल) सेवाः</u>** (१) गाउँपालिका क्षेत्र भित्रका प्रत्येक स्वास्थ्य संस्थाले उपचारका लागि आफुसमक्ष आएका सेवाग्राही (बिरामी) लाई आफ्नो स्वास्थ्य संस्थाको संरचना, उपकरण, विशेषज्ञ सेवाको अभाव वा अन्य कुनै उपयूक्त कारणले उपचार प्रदान गर्न नसकिने अवस्था भएमा आफ्नो स्वास्थ्य संस्थामा उपलब्ध हुनेसम्मकोउपचार तत्काल गराई थप उपचारका लागि तुरुन्तैउपचार प्रदान गर्न सक्ने सक्षम स्वास्थ्य संस्थामा प्रेषण गरी समन्वय गरिदिनु पर्नेछ ।

(२) स्वास्थ्य संस्थाले उपदफा (१) बमोजिम सेवाग्राहीको प्रेषण गर्दा तोकिए बमोजिमको विधि र प्रक्रिया पूरा गर्नु पर्नेछ ।

(३) विशेषज्ञ सेवा र आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाहरुका बीच आवश्यक प्रेषण प्रणाली स्थापना गरी सेवा प्रभावकारी बनाउन गाउँपालिकाले आवश्यक समन्वय गर्नु पर्नेछ ।

(४) प्रेषण सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. **<u>गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नेः</u>** (१) गाउँपालिकाले नेपाल सरकारबाट तोकिए बमोजिमको स्तरमा प्रत्येक नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) संघीय वा प्रदेश सरकारको समन्वय एवं गाउँपालिकाको उपलब्ध श्रोतको आधारमा नागरिकलाई स्वास्थ्य सेवा प्रदान गर्न देहाए बमोजिमको कार्यहरु गर्नु पर्नेछः-

(क) राष्ट्रिय वा प्रादेशिक नितीको आधारमा नागरिकको स्वास्थ्य संरक्षण र सम्बद्र्धन गर्ने ।

(ख) स्वास्थ्य सेवाको प्राथमिकता निर्धारण गरी समतामूलक तवरबाट सेवा उपलब्ध गराउने ।

(३) संघ तथा प्रदेशको समन्वयमा गाउँपालिकाले तोकिएको मापदण्ड पूरा गरेका स्वास्थ्य संस्थाको स्थापना गरी त्यस्ता संस्थामा आवश्यक जनशक्ति, प्रविधि तथा उपकरणको व्यवस्था मिलाउनु पर्नेछ ।

८. **सेवाग्राहीको कर्तव्यः** गाउँपालिका क्षेत्रभित्रका स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीसँग सेवा लिने सेवाग्राहीको कर्तव्य देहाय बमोजिम हुनेछ।

(क) आफ्नो स्वास्थ्यको सम्बन्धमा सचेत रहने, स्वस्थ जीवनशैली अपनाउने ( खानपिन, योग, प्राणायाम तथा शारीरिक व्यायाममा ध्यान दिने) र स्वास्थ्य संस्थाबाट दिईने सेवाको उपभोग गर्ने,

(ख) स्वास्थ्य सेवा प्राप्त गर्ने व्यक्तिले स्वास्थ्य संस्थाको नियमको पालना गर्ने,

(ग) स्वास्थ्य सेवा प्राप्त गर्न प्रचलित कानूनको पालना गर्दै संघीय सरकार, प्रदेश सरकार तथा गाउँपालिकाले जारी गरेका आदेशहरुको पालना गर्दै समय समयमा तोके बमोजिमका स्वास्थ्य सम्बन्धि कार्यक्रमहरुमा समावेश हुने,

(घ) स्वास्थ्यकर्मीलाई आफ्नो स्वास्थ्यको अवस्थासँग सम्बन्धित यथार्थ विवरण उपलब्ध गराई रोग निदान र उपचार गर्ने कार्यमा सघाउ पुर्याउने,

(ङ) स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको मर्यादा र सम्मान गर्ने, स्वास्थ्यकर्मीप्रति कुनैपनि किसिमको दुर्वयवहार नगर्ने,

(च) आवश्यकता अनुसार उपचार सहमति फाराम (मञ्जुरीनामा) मा हस्ताक्षर गर्ने,

(छ) स्वास्थ्य संस्थाले आवश्यक सेवाको लागि प्रेषण गरेमा सम्बन्धित संस्थामा गई सेवा लिने ,

(ज) सिफारिस गरिएको संस्थामा आंशिक वा पूरा उपचार लिन अस्वीकार गरेको अवस्थामा उपचार कार्ड वा डिस्चार्ज सर्टिफिकेटमा सोही व्यहोरा उल्लेख गरी हस्ताक्षर गरिदिने।

९. **उपचार गराउनु दायित्व हुने:** परिवारका सदस्य, संरक्षक वा संरक्षकत्व स्वीकार गरिएको कुनै पनि व्यक्ति विरामी भएमा त्यस्तो व्यक्तिलाई स्वास्थ्य संस्थामा लैजानु, उपचार गराउनु, उपचार खर्च व्यहोर्नु र उपचार गर्ने कार्यमा सहयोग तथा सहजीकरण गर्नु प्रत्येक अभिभावक, परिवारका सदस्य, संरक्षक वा संरक्षकत्व स्वीकार गर्ने व्यक्तिको दायित्व हुनेछ ।

१०. **सेवाग्राहीलाई जानकारी दिनुपर्ने:** (१) प्रत्येक स्वास्थ्य संस्था तथा उपचार प्रदान गर्ने स्वास्थ्यकर्मीले सेवाग्राहीलाई देहाएका विषयमा अनिवार्य रुपले जानकारी दिनुपर्नेछ।

(क) प्रत्येक सेवाग्राहीलाई निजकोस्वास्थ्य र उपचारका सम्बन्धमा पूर्ण जानकारी प्रदान गर्नु स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको कर्तव्य हुनेछ ।

तर, प्रकरण (क) अनुसार सेवाग्राहीको स्वास्थ्य स्थितिको सूचना दिँदा निजको वा समुदायको हित विपरीत हुन सक्ने पर्याप्त आधार भएमा त्यस्तो सूचना गोप्य राख्न स्वास्थ्य संस्थालाई कुनै बाधा पर्ने छैन ।

(ख) रोगको निदान, निदान भएको रोगको प्राकृतिक परिणाम र उपचार सँग सम्बन्धित सेवाको स्तर र विकल्प सम्बन्धमा,

(ग) स्वास्थ्य उपचार सम्बन्धि विकल्पसँग सम्बन्धित अनुमानित खर्च र सम्भावित परिणाम सम्बन्धमा,

(घ) सेवाग्राहीले स्वास्थ्य सेवा अस्वीकार गर्न सक्ने र सेवा अस्वीकार गर्दा उत्पन्न हुन सक्ने सम्भावित परिणाम, जोखिम र दायित्वका सम्बन्धमा,

(२) स्वास्थ्य संस्थाले सेवाग्राहीलाई उपदफा (१) बमोजिमको जानकारी उपलब्ध गराउँदा सम्भव भएसम्म निजले बुझ्न सक्ने र सरल भाषामा उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवाग्राहीको स्वास्थ्य स्थितिको सूचना सम्बन्धित सेवाग्राहीलाई दिन नसकिने अवस्थामा निजको परिवारको उमेर पुगेको सदस्यलाई दिनुपर्नेछ ।

११. **सेवाग्राहीको सु-सूचित सहमति (ईन्फर्मड कन्सेन्ट) लिनु पर्नेः** (१) स्वास्थ्य संस्थाले सेवाग्राहीलाई सामान्य भन्दा भिन्न प्रकृतिको स्वास्थ्य सेवा उपलब्ध गराउँदा अनिवार्य रुपमा निजको सूचित सहमति लिनुपर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि लिइएको सेवाग्राहीको सहमति लिखित रुपमै हुनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहाएको अवस्थामा सेवाग्राहीको सूचित सहमति नभए पनि स्वास्थ्य सेवा प्रदान गर्न सकिनेछ।

(क) सेवाग्राहीले सहमति प्रदान गर्न सक्ने अवस्थामा नरहेको र कसैलाई पनि त्यस्तो सहमति प्रदान गर्ने अनुमति वा अख्तियारी नदिएकोमा उपलब्ध भएसम्म क्रमशः निजको पति वा पत्नी, बाबु वा आमा, हजुरबुवा वा हजुरआमा, उमेर पुगेका छोरा वा छोरी, दाजुभाइ वा दिदिबहिनी वा उपलब्ध सेवाग्राहीको निकटतम व्यक्तिले सहमति दिएको अवस्थामा,

(ख) प्रचलित कानून वा अदालतको आदेश बमोजिम सहमति बिना नै स्वास्थ्य सेवा उपलब्ध गराइएको अवस्थामा,

(ग) कुनै व्यक्तिलाई तत्काल उपचार नगर्दा निजको स्वास्थ्यमा गम्भीर खतरा उत्पन्न हुने अवस्था रहेमा,

(घ) स्वास्थ्य सेवा उपलब्ध गराउन ढिलाई गरिएमा सम्बन्धित बिरामीको मृत्युहुन सक्ने वा निजको स्वास्थ्यमा गम्भीर क्षति पुग्न सक्ने सम्भावना रहेमा,

(ङ) सम्बन्धित व्यक्तिले व्यक्त वा अव्यक्त रुपमा वा आचरणद्वारा स्वास्थ्य सेवा लिन अस्वीकार नगरेमा,

(च) तोकिए बमोजिमको अन्य अवस्थामा ।

१२. <u>समान व्यवहार गर्नु पर्ने:</u> (१) यस ऐन बमोजिम उपचार गर्दा सबै सेवाग्राहीप्रति समान तथा आदरपूर्ण व्यवहार गर्नु सम्बन्धित स्वास्थ्यकर्मीको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि विरामीको स्वास्थ्यको गम्भीरताको आधारमा स्वास्थ्य संस्थाले उपचार वा सेवा प्रदान गर्दा प्राथमिकीकरण गर्न सक्नेछ ।

(३) कुनै पनि स्वास्थ्य संस्थाले कसैलाई निजको उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, पेशा, यौनिक तथा लैङ्गिक पहिचान, शारीरिक वा स्वास्थ्य अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, गर्भावस्था, वैचारिक आस्था वा यस्तै अन्य कुनै पनि कुराका आधारमा उपचार वा सेवामा भेदभाव गर्नु गराउनु हुँदैन ।

१३. <u>पेशागत आचरण:</u> स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीले सम्बन्धित परिषदहरुले निर्धारण गरे बमोजिमका पेशागत आचरणको पालना गर्नु पर्नेछ ।

**१४. गोपनीयता कायम राख्नेः** (१) स्वास्थ्य सेवा प्रवाह गर्दा सेवाग्राहीको स्वास्थ्य अवस्था, निदान वा निजले प्रदान गरेको उपचार वा सेवा लगायतका सूचनाहरु गोप्य राख्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहाएको अवस्थामा सूचना सार्वजनिक गर्न यस दफाले बाधा पुर्याएको मानिने छैनः-

(क) सूचना सार्वजनिक गर्न सेवाग्राहीले लिखित सहमति दिएमा,

(ख) अदालतको आदेश वा प्रचलित कानून बमोजिम सूचना सार्वजनिक गर्नु पर्ने भएमा,

(ग) सूचना सार्वजनिक नगर्दा त्यसबाट जनस्वास्थ्यमा गम्भीर असर पर्न सक्ने देखिएमा ।

(३) उपदफा (२) को खण्ड (ग) को प्रयोजनको लागि जनस्वास्थ्यमा गम्भीर असर पर्ने वा नपर्ने सम्बन्धमा गाउँपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

**१५. डिस्चार्ज (बहिर्गमन) सारांश दिनुपर्नेः** प्रत्येक स्वास्थ्य संस्थामा भर्ना भई उपचार गराइरहेका बिरामी वा सेवाग्राहीलाई डिस्चार्ज गर्दा त्यस्ता संस्थाले तोकिए बमोजिमको जानकारी सहितको डिस्चार्ज सारांश दिनुपर्नेछ ।

**१६. स्वास्थ्य संस्थाको दायित्वः** (१) प्रत्येक स्वास्थ्य संस्थाले आफूले प्रदान गर्ने सेवा सुविधा, समय तालिका, लाग्ने दस्तुर तथा खर्च र उपचार गर्न लाग्ने समय समेत खुलाई सूचना प्रवाह गर्नु पर्नेछ ।

(२) सूचनाहरु प्रवाह गर्दा नागरिक बडापत्र वा अन्य बिभिन्न संचार माध्यमद्वारा जनतासम्म प्रवाह गर्नु पर्नेछ ।

(३) स्वास्थ्य सेवामा गरीव र पछाडि परेका वर्गको पहुँच स्थापित गर्ने कार्यविधि र सेवाग्राहीले सेवा नपाएको गुनाँसो व्यवस्थापन गर्ने कार्यविधि समेत उल्लेख गरी सूचना प्रवाह गर्नु पर्नेछ ।

(४) स्वास्थ्य संस्थाले स्वास्थ्य सेवा प्रदान गर्दा कुनै पनि रोगको संक्रमण नहुने गरी तोकिएको सुरक्षात्मक मापदण्डको अवलम्बन गर्नु पर्नेछ ।

(५) प्रत्येक स्वास्थ्य संस्थाले योग्य र सक्षम सेवाप्रदायकबाट मात्र स्वास्थ्य सेवा प्रदान गर्नु पर्नेछ ।

१७. <u>स्थानीय प्रशासनलाई जानकारी गराउने:</u> (१) दुर्घटना वा अन्य कुनै आपत्कालीन कारणले कोही स्वयंसेवीले कुनै व्यक्तिलाई उपचारको लागि कुनै स्वास्थ्य संस्थामा लगेमा त्यस्तो स्वास्थ्य संस्थाले त्यस्तो व्यक्तिलाई तत्काल आफुसँग उपलब्ध भएसम्मको उपचार सेवा प्रदान गर्नुपर्नेछ र त्यस्तो व्यक्तिको पहिचान हुन नसकेमा सोको जानकारी तत्काल स्थानीय प्रशासनलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य संस्थाले प्रशासनलाई सूचना दिँदा उपचार गरिएको व्यक्ति र निजसँग सम्बन्धित उपलब्ध भएसम्मका अन्य जानकारी समेत दिनुपर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम जानकारी प्राप्त भएपछि स्थानीय प्रशासनले सम्बन्धित व्यक्तिको परिवार, अभिभावक वा संरक्षकको खोजी गरी सोको जानकारी गराउनु पर्नेछ ।

१८. <u>उजुरी गर्न सक्ने:</u> स्वास्थ्य सेवा प्रदान गर्दा वा उपचारको क्रममा कुनै सेवाग्राहीको स्वास्थ्यमा थप जटिलता देखा परेमा, सेवाको प्राप्ति वा उपचारको प्रक्रियाप्रति निजलाई कुनै आशंका भएमा वा लापरवाही गरिएको महसुस भएमा निजले आफ्नोउपचारमा संलग्न रहेका स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाको विरुद्धमा तोकिए बमोजिम तोकिएको निकायमा उजुरी गर्न सक्नेछ ।

तर, असल नियतले गरेको कामबाट कुनै अनपेक्षित परिणाम निस्केमा कुनै पनि स्वास्थ्यकर्मीलाई व्यक्तिगत रुपमा जिम्मेवार बनाईने छैन ।

१९. **शर्त बन्देज लगाउन सक्ने:** स्वास्थ्य संस्थाको प्रमुख वा अधिकार प्राप्त अधिकारीले प्रचलित कानून बमोजिम स्वास्थ्य सेवा प्रदायकको स्वास्थ्य स्थितिको आधारमा स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवामा निश्चित शर्त बन्देज लगाउन सक्नेछ ।

२०. **आवश्यक उपाय अवलम्बन गर्ने:** प्रचलित कानूनको अधीनमा रही प्रत्येक स्वास्थ्य संस्थाले कर्मचारीको सुरक्षा र रोगको संक्रमण रोक्नेतर्फ आवश्यक स्वास्थ्य मापदण्डको अवलम्बन गर्नु पर्नेछ ।

## परिच्छेद – ३

## अनुमति,सञ्चालन तथा अनुगमण सम्बन्धी व्यवस्था

२१. **स्वास्थ्य संस्था/सेवा सञ्चालन अनुमति:** (१) यस ऐन बमोजिम अनुमति नलिई कसैले पनि स्वास्थ्य संस्था/सेवा सञ्चालन गर्नु हुँदैन।

(२) अस्पताल सञ्चालन अनुमति प्रदान गर्दा स्वास्थ्य संस्थाको सेवाको प्रकृति,जनसंख्या,भौगोलिक दुरी,भौतिक संरचना,औजार,उपलब्ध दक्ष जनशक्ति र शैया क्षमताको निर्धारण तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिमको मापदण्डको अधीनमा रही प्रत्येक स्वास्थ्य संस्थाहरुले सेवा प्रदान गर्नु पर्नेछ ।

(४) स्वास्थ्य संस्थाले सेवा सञ्चालन गर्दा गाउँपालिकाले तोकेको मापदण्ड अनिवार्य रुपमा पालना गर्नु पर्नेछ।

(५) गाउँपालिकाले स्वास्थ्य सेवा प्रवाह गर्नका लागि निजी वा अन्य संघ संस्थाहरुसँग समेत आवश्यक साझेदारी गर्न सक्नेछ ।

(६) निजी तथा अन्य संघ संस्था वा सहकारी वा गैरनाफामूलक वा सामुदायिक स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवाको मापदण्ड, ईजाजत तथा नियमनको व्यवस्था प्रचलित कानूनमा उल्लेख भए बमोजिम व्यवस्था गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम निर्धारण भएको मापदण्ड बमोजिम स्वास्थ्य संस्था सञ्चालन गर्नुपूर्व अनिवार्य रुपमा गाउँपालिकाबाट ईजाजतपत्र लिएको हुनुपर्नेछ ।

(८) उपदफा (७) बमोजिम स्वास्थ्य संस्थालाई ईजाजत दिने, नवीकरण गर्ने तथा त्यस्तो स्वास्थ्य संस्थाको अनुगमन, मूल्याङ्कन तथा नियमन गर्ने सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२२. **शुल्क सम्बन्धी व्यवस्थाः** (१)स्वास्थ्य संस्था स्थापना,सेवा विस्तार वा स्तरोन्नति गर्नको लागि अनुमति प्राप्त गर्न सम्बन्धित स्वास्थ्य संस्थाले तोकिए बमोजिमको दस्तुर र नवीकरण दस्तुर तोकिए बमोजिमको निकायमा बुझाउनु पर्नेछ।

२३. **पूर्वाधार निर्माण गर्न आशयपत्र लिनु पर्नेः** (१) यस ऐन बमोजिम स्वास्थ्य संस्थाको स्थापना,स्वास्थ्य सेवाको विस्तार वा स्तरोन्नति गरी स्वास्थ्य सेवा सञ्चालन गर्न इच्छुक स्वास्थ्य संस्थाले आवश्यक पूर्वाधार निर्माण गर्न आशयपत्र लिनु पर्नेछ।

तर तोकिए बमोजिमको शैया सञ्चालन गर्ने अस्पतालले प्रचलित कानून बमोजिम वातावरणीय प्रभावको अध्ययन गरी सोको प्रतिवेदन समेत पेश गर्नु पर्नेछ।

(२) आशयपत्र लिने र वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको आशयपत्र प्रदान गर्ने सम्बन्धी निर्णय गाउँपालिकाले गर्नेछ।

२४. **सञ्चालन अनुमतिको लागि अनुगमन गर्नु पर्नेः** (१) कुनै पनि स्वास्थ्य संस्थालाई सञ्चालन अनुमति दिनुभन्दा अघि त्यस्तो स्वास्थ्य संस्थाले तोकिए

बमोजिमको मापदण्ड पूरा गरे नगरेको सम्बन्धमा दफा ५० बमोजिमको प्राविधिक समितिले अनुगमन गरी गाउँपालिका समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा तोकिएको मापदण्ड पूरा नगरेको पाइएमा त्यस्तो स्वास्थ्य संस्थालाई मापदण्ड पूरा गर्न तीन महिनासम्मको अवधि दिन सकिनेछ।

(३) उपदफा (२) बमोजिम दिएको अवधिभित्र पनि मापदण्ड पूरा नगर्ने स्वास्थ्य संस्थालाई गाउँपालिकाले अनुमति दिने छैन।

**२५. पूर्वाधार सम्बन्धी मापदण्डः** (१) अस्पताल सेवा सञ्चालन गर्दा पूरा गर्नु पर्ने पूर्वाधार सम्बन्धी मापदण्ड तोकिए बमोजिम हुनेछ।

**२६. सञ्चालन अनुमतिः** (१) दफा २३ र २४ बमोजिमको कार्य सम्पन्न भएपछि दफा २५ बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पूरा गरेका स्वास्थ्य संस्थाले स्वास्थ्य सेवा सञ्चालन गर्न आवश्यक कागजात संलग्न गरी गाउँपालिका समक्ष तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा निवेदन प्राप्त भएको मितिले तीस दिन भित्र गाउँपालिकाले दफा ५० बमोजिमको प्राविधिक समितिबाट अनुगमण गराई अनुगम प्रतिवेदन लिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राविधिक समितिबाट दिईएको अनुगमन प्रतिवेदनमा स्वास्थ्य संस्था सञ्चालन गर्न अनुमति दिन उपर्युक्त छ भन्ने उल्लेख भएको र यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम,मापदण्ड वा निर्देशिकामा उल्लेखित मापदण्ड समेत पूरा गरेको अवस्था रहे गाउँपालिकाले त्यस्तो स्वास्थ्य संस्थालाई पाँच वर्षको लागि स्वास्थ्य सेवा सञ्चालन गर्न तोकिएको ढाँचामा अनुमतिपत्र प्रदान गर्नेछ।

(४) निजी संस्थाबाट प्रदान गरिने सेवाहरुको शुल्क निर्धारण गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

२७. **थप सेवा विस्तार गर्न अनुमति लिनु पर्ने:** (१) स्वास्थ्य संस्थाले आफुले सेवा सञ्चालन गर्न अनुमति पाएका सेवाको अतिरिक्त थप सेवा विस्तार गर्न चाहेमा तोकिए बमोजिमको प्रक्रिया प्रक्रिया पूरा गरी गाउँपालिकाबाट अनुमति लिनु पर्नेछ।

२८. **सञ्चालनमा रहेका स्वास्थ्य संस्थाले अनुमति लिनु पर्ने:** (१) यो ऐन प्रारम्भ हुदाँका बखत सञ्चालनमा रहेका स्वास्थ्य संस्थाले यस ऐन बमोजिम तोकिएको पूर्वाधार सम्बन्धी मापदण्ड पूरा गर्ने प्रयोजनको लागि अनुमति लिनु पर्नेछ।

(२) उपदफा (१) प्रयोजनको लागि गाउँपालिकाले यो ऐन प्रारम्भ भएको छ महिनाभित्र राष्ट्रिय वा स्थानिय स्तरको पत्रिकामा तीस दिनको अवधि दिई सूचना प्रकाशन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र अनुमतिका लागि निवेदन प्राप्त हुन आएमा गाउँपालिकाले त्यस्तो स्वास्थ्य संस्थालाई यस ऐन बमोजिम तोकेको मापदण्ड पूरा गर्नको लागि बढिमा एक वर्षको अवधि दिनेछ।

(४) उपदफा (३) बमोजिम दिएको समय अवधिको छ/छ महिनामा पूर्वाधार सम्बन्धी मापदण्ड पूरा गर्न गरेको प्रगति प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिम दिएको समय अवधिभित्र तोकिएको पूर्वाधार सम्बन्धी मापदण्ड पूरा गरेका स्वास्थ्य संस्थालाई गाउँपालिकाले दफा २१ बमोजिम स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति दिनेछ।

(६) यस दफा बमोजिम अनुमतिको लागि निवेदन पेश नगर्ने,निवेदन पेश गरेको भए तापनि निर्धारित अवधिभित्र पूर्वाधार सम्बन्धी मापदण्ड पूरा नगर्ने स्वास्थ्य संस्थाको अनुमति गाउँपालिकाले रद्द गर्नेछ।

२९. **स्वास्थ्य संस्था बाहेक अन्यत्रबाट र स्वास्थ्य सेवा प्रदायक बाहेक अन्य सेवा प्रदायकबाट स्वास्थ्य सेवा प्रदान गर्न स्वीकृति लिनुपर्ने:** (१) कुनै पानि स्वास्थ्य संस्थाले तोकिएको भन्दा बाहेकको ठाउँबाट स्वास्थ्य सेवा प्रदान गर्न चाहेमा गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ।

(२) स्वास्थ्य सेवा प्रदायक संस्थाहरु बाहेक अन्य सेवा प्रदायक संस्थाले स्वास्थ्य सेवा दिन चाहेमा गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ।यसका लागि गाउँपालिकामा त्यस्तो सेवा प्रदायकले तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(३)उपदफा (१) बमोजिमको सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकभन्दा अन्य सेवा प्रदायक सम्बन्धित निकायमा दर्ता भएको हुनु पर्नेछ।

३०. **नवीकरण गराउनु पर्ने:** (१) यो ऐन बमोजिम स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त स्वास्थ्य संस्थाले सेवा सञ्चालन अनुमतिको अवधि समाप्त हुनुभन्दा पाँच महिना अगावै नवीकरणका लागि गाउँपालिकामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा गाउँपालिकाले त्यस्तो स्वास्थ्य संस्थाको तोकिए बमोजिमको दस्तुर लिई पाँच वर्षसम्मको लागि सेवा सञ्चालनको अनुमतिपत्र नवीकरण गर्न सक्नेछ।

तर,नवीकरण गर्नुअघि गाउँपालिकाले अनुगमण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको अविधभित्र निवेदन पेश गर्न नसकेको कारण उल्लेख गरी निवेदन दिएमा र सो निवेदन मनासिव भएमा सो अवधि व्यतित भएको मितिले छ महिनाभित्र दोब्बर दस्तुर लिई गाउँपालिकाले अनुमतिपत्र नवीकरण गर्न सक्नेछ।

(४) उपदफा (१) र (३) बमोजिमको अवधिभित्र नवीकरणको लागि निवेदन पेश नगर्ने स्वास्थ्य संस्थाको सेवा सञ्चालन अनुमतिपत्र स्वतः खारेज हुनेछ।

**३१. दर्ता प्रमाणपत्र राखनुपर्ने:** (१) स्वास्थ्य संस्थाले प्राप्त गरेको अनुमतिपत्र सबैले देख्ने गरी राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुमतिपत्र डिजिटल रुपमा पनि राख्न सकिनेछ।

**३२. स्वामित्त्व हस्तान्तरणः** (१) कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता भएको स्वास्थ्य संस्थाको स्वामित्त्व हस्तान्तरण नगरी अन्य व्यक्ति वा संस्थाले सञ्चालन गर्न पाउने छैन।

(२) कसैले उपदफा (१) बमोजिमको स्वामित्व हस्तान्तरण गर्न चाहेमा तोकिए बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछ।

**३३. एकै समयमा दुई स्वास्थ्य संस्थामा एकै व्यक्ति आवद्ध हुन नहुने:** (१)कुनै चिकित्सक वा स्वास्थ्यकर्मीले एकभन्दा बढी स्वास्थ्य संस्थामा एकै समयमा सेवा गर्न पाउने छैन।

**३४. प्रतिवेदन पेश गर्नुपर्ने:** (१) स्वास्थ्य संस्थाले आफुले प्रदान गरेको सेवाको तोकिए बमोजिमको गुणस्तर भए नभएको सम्बन्धमा प्रत्येक वर्ष स्वमूल्याङ्कन गरी आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र सम्बन्धित निकाय समक्ष तोकिए बमोजिमको ढाँचामा प्रतिवेदन पेश गर्नु पर्नेछ।

(२) स्वास्थ्य संस्थाले तोकिएको ढाँचामा सेवा प्रवाहको मासिक प्रगति प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बाहेक मन्त्रालयले तोकेको विवरण आवधिक रुपमा सम्बन्धित निकायमा पठाउनु पर्नेछ।

**३५. अनुगमन सम्बन्धि व्यवस्थाः** (१) गाउँपालिकाले दफा ३४ को उपदफा (१) बमोजिमको प्रतिवेदनको आधारमा वा आवश्यक्ता अनुसार सम्बन्धित स्वास्थ्य संस्था

,(फार्मेसि/औषधी पसल/मेडिकल) ले गुणस्तर तथा पूर्वाधार सम्बन्धी मापदण्ड पूरा गरे नगरेको सम्बन्धमा अनुगमन गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा तोकिएको गुणस्तर तथा मापदण्ड पूरा नगरी सेवा सञ्चालन गरेको पाईएमा त्यस्तो संस्थालाई तत्काल सुधारको लागि बढीमा तीन महिना अवधि दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको अवधिभर सुधार नगरेमा वा दफा ३४ बमोजिम मासिक तथा वार्षिक प्रतिवेदन पेश नगरेमा त्यस्तो संस्थालाई प्रदान गरेको सेवा पूर्ण वा आंशिक रुपमा तत्काल बन्द गर्न गाउँपालिकाले आदेश दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम बन्द गर्न गर्न आदेश दिनुअघि सम्बन्धित संस्थालाई मनासिव माफिकको सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

३६. **स्वास्थ्य संस्था गाभिन सक्ने:** (१) सञ्चालनमा रहेका एकभन्दा बढी स्वास्थ्य संस्थाहरू एक आपसमा गाभिई सेवा सञ्चालन गर्न चाहेमा तोकिए बमोजिमका शर्तहरु पुरा गरी अनुमतिको लागि त्यस्तो स्वास्थ्य संस्थाहरुले गाउँपालिकामा संयुक्त रुपमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्था गाभिने सम्बन्धमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ।

## परिच्छेद – ४

## स्वास्थ्य संस्था र स्वास्थ्यकर्मी सम्बन्धि अन्य व्यवस्था

३७. **स्वास्थ्यकर्मीको व्यवस्थापन:** गाउँपालिका भित्रका सामुदायिक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि देहाय बमोजिमका स्वास्थ्यकर्मीहरु रहने छन्:

(१) स्थायी: स्थायी स्वास्थ्यकर्मीहरु।

(२) करारः स्थानीय माग र विशिष्टताका आधारमा गाउँपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु।

३८. **स्वास्थ्यकर्मीको सेवा सुविधाः** गाउँपालिका मातहत कार्यरत स्वास्थ्यकर्मीहरुले तोकिए बमोजिमको सुविधा प्राप्त गर्नेछनः

(१) पर्यटन/भ्रमण काजः

(क) राष्ट्रिय तथा प्रदेशको अर्थतन्त्रको महत्त्वपूर्ण योगदान रहँदै आएको पर्यटन क्षेत्रसँग सम्बन्धित आर्थिक क्रियाकलापलाई प्रबर्धन गर्दै देशभित्र रहेका भौगोलिक,प्राकृतिक,सामाजिक,धार्मिक,सांस्कृतिक तथा ऐतिहासिक महत्त्वका पर्यटकीय स्थलहरुको विकास,प्रचार-प्रसार,नयाँ पर्यटकीय स्थलको पहिचान गरी आकर्षक र भरपर्दो आन्तरिक पर्यटकीय स्थलहरुको प्रवर्धन गर्न गाउँपालिकामा कार्यरत स्वास्थ्यकर्मीहरुलाई पुनर्ताजगी,प्रोत्साहन एवम् उत्प्रेरित गर्न स्वास्थ्यकर्मीहरुको आन्तरिक पर्यटन/भ्रमण काज गाउँपालिकाबाट स्विकृत गर्न सकिनेछ।

(ख) आन्तरिक पर्यटन काज भ्रमणमा जान चाहने स्वास्थयकर्मीहरुले निवेदन फाराम भरी स्वीकृतिको लागि गाउँपालिका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरी आन्तरिक पर्यटन काज स्वीकृत गराउनु पर्नेछ।स्वीकृति नगराई पर्यटन/भ्रमण काजमा जान पाइनेछैन।

(ग) कुनै संस्थाका कर्मचारीको आन्तरिक पर्यटन काज स्विकृत गर्दा सो संस्थाको दैनिक काम कारबाहीमा बाधा नपुग्ने गरी हाल कार्यरत कूल स्वास्थ्यकर्मीमध्ये एक पटकमा बढिमा एक तिहाईसम्म स्वास्थ्यकर्मीको बिदा स्वीकृत गर्न सकिनेछ।

(घ) यस ऐन बमोजिम आन्तरिक पर्यटन काजमा जाने स्वास्थ्यकर्मीले निजले खाइपाई आएको हालको तलब स्केल वा पारिश्रमिकले हुन आउने

एक महिनाको तलब वा पारिश्रमिक बराबरको रकम भ्रमण खर्च बापत गाउँपालिकाबाट लिन सक्नेछन।

(ङ) पर्यटन काज बापतको रकम काज स्वीकृति पश्चात अग्रिम पेशकीको रुपमा वा भ्रमण सम्पन्न भईसके पश्चात तोकिए बमोजिमको प्रतिवेदन पालिकामा पेश गरेपछि शोधभर्नाको रुपमा एकमुष्ठ रुपमा भुक्तानि लिन सक्नेछन।

(च) यस बमोजिम आन्तरिक पर्यटन काज सुविधा भुक्तानि लिँदा खर्चको बिल भरपाई पेश गर्नुपर्ने छैन।

(छ) यस ऐन बमोजिम आन्तरिक पर्यटन काज भ्रमणमा जान चाहने कर्मचारीले एक आर्थिक बर्षमा बढिमा दश दिन सम्मको मात्र आन्तरिक पर्यटन काज लिन सक्नेछन।

(ज) यस ऐन बमोजिम कुनै स्वास्थ्यकर्मीले नेपाल सरकार वा अन्य प्रदेश तथा स्थानिय तहको बजेटमा समावेश भएको पर्यटन काज लगायतको सुविधा प्राप्त गरी यस स्थानिय तहमा कामकाजमा खटिई वा समायोजन भई आएमा एउटै आर्थिक बर्षमा दोहोरो सुविधा लिन पाईने छैन। यदि दोहोरो सुविधा हुने भएमा यस ऐन बमोजिमको सुविधा प्रदान गरिने छैन।

(झ) पर्यटन/भ्रमण काज बापटको खर्च व्यवस्थापनको लागि गाउँपालिकाबाट बजेट बिनियोजन गरी खर्च गर्न सकिनेछ।

(२) स्थानीय स्वास्थ्य संस्था संचालन र व्यवस्थापन खर्च:

(क) गाउँपालिका भित्र संचालनमा रहेका स्वास्थ्य संस्थाहरुको दैनिक तथा भैपरी आउने खर्च व्यवस्थापनको लागि गाउँपालिकाबाट बजेट बिनियोजन गरी खर्च गर्न सकिनेछ।

(ख) स्थानिय स्वास्थ्य संस्था संचालन र व्यवस्थापन खर्चको लागि प्रति महिना प्रति संस्था रु. ५,०००।०० (अक्षरेपि रु. पाँच हजार मात्र।) का दरले भुक्तानि दिन सकिनेछ।

(ग) खण्ड (ख) बमोजिमको रकम भुक्तानि लिन निवेदन फाराम भरी गाउँपालिका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरी भुक्तानि लिन सकिनेछ।

(घ) खण्ड (ख) बमोजिमको रकम अग्रिम पेश्कीको रुपमा वा कार्य सम्पन्न भईसके पश्चात खर्चको बिल/भरपाई पालिकामा पेश गरेपछि एकमुष्ठ रुपमा भुक्तानि लिन सक्नेछन।

३९. <u>स्वास्थ्यकर्मीको दरबन्दी निर्धारण:</u> स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरबन्दी गाउँपालिका कार्यपालिकाले निर्धारण गर्नेछ ।

## परिच्छेद – ५

## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धि व्यवस्था

४०. <u>औषधी, स्वास्थ्य उपकरण एवं सामाग्रीहरुको खरिद सम्बन्धि व्यवस्था:</u> (१) वार्षिक खरिद योजना बनाउनु पर्ने:

(क) आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराउनु पर्नेछ ।

(ख) वार्षिक खरिद योजना स्वास्थ्य शाखाले तयार गर्नेछ ।

(ग) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि गाउँपालिका स्वास्थ्य शाखाले प्रक्रिया अघि बढाउनेछ ।

(२) औषधी, स्वास्थ्य उपकरण र सामाग्रीको भण्डारण ;

(क) खरिद गरिएका औषधी, स्वास्थ्य उपकरण र सामाग्रीको सुरक्षित भण्डारणको व्यवस्था गाउँपालिका स्वास्थ्य शाखाको सिफारिसमा गाउँपालिकाको निर्देशनवा औषधी, स्वास्थ्य उपकरण तथा सामाग्री भण्डारण निर्देशिका अनुसार गरिने छ ।

(ख) गाउँपालिकाले खरिद गरेको उपकरण, औषधी र सामाग्रीको कुल परिमाण र मूल्य सार्वजनिक गर्नु पर्नेछ ।

(ग) सम्बन्धित स्वास्थ्य संस्थाले गाउँपालिकाबाट प्राप्त गरेको औषधी, उपकरण र सामाग्रीको आम्दानी र खर्चको विस्तृत विवरण तोकिएको ढाँचामा राखी सम्बन्धित स्वास्थ्य संस्थाको सञ्चालन तथा व्यवस्थापन समितिको निर्णय मार्फत् तोकिएकै समयावधिमा गाउँपालिकाको स्वास्थ्य शाखामा बुझाउनु पर्नेछ ।

(घ) गाउँपालिकाले आफु अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुमा औषधी, उपकरण तथा सामाग्री भण्डारणको लागि भण्डार कक्षको उचित व्यवस्था मिलाउनु पर्नेछ ।

(ङ) महामारी एवं विपद् व्यवस्थापनका लागि तीन महिना सम्म पुग्ने गरी वैकल्पिक मौज्दात कायम गर्नु गाउँपालिकाको कर्तव्य हुनेछ ।

(३) औषधीको वितरण व्यवस्थाः

(क) गाउँपालिका अन्तर्गतका सम्पूर्ण सरकारी स्वास्थ्य संस्थाहरुमा आधारभूत स्वास्थ्य सेवा अन्तर्गत आवश्यक पर्ने औषधी तथा औषधी जन्य सामाग्रीहरु नागरिकलाई निःशूल्क वितरण गरिनेछ ।

(ख) गाउँपालिकामा खपत हुने अन्य औषधीको मूल्य संघीय सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

(ग) औषधी बिक्रीकर्ताले पनि ग्राहकलाई आफूले बिक्री गरेको औषधीको अनिवार्य रुपमा बिल उपलब्ध गराउनु पर्नेछ ।

(घ) औषधी सम्बन्धि अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

४१. **स्वास्थ्य सेवाको न्यूनतम् मूल्य र गुणस्तर तोक्न सक्ने:** गाउँपालिकाले स्थानीयस्तरमा सञ्चालित चिकित्सकीय उत्पादन (गाउँपालिकास्तरीय निजी मेडिकल) र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ । समिति मार्फत निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरी सो अनुरुप कार्य गराउन निर्देशन दिने अधिकार गाउँपालिकालाई हुनेछ ।

## परिच्छेद – ६

## जनस्वास्थ्यको संरक्षण, संबद्र्धन र वातावरणीय व्यवस्था

४२. **रोग तथा रोगीहरुको अभिलेख राख्नु पर्ने:** (१) स्थानीयस्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेको थाहा पाईएमा थाहा पाउनेले २४ घण्टाभित्र सोको जानकारी नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वास्थ्य सचेतकलाई टिपोट गराउनु पर्नेछ ।

(२) टिपोट गराईएका रोगीहरुको विवरण सम्बन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति र गाउँपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।

४३. **महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान सञ्चालन गर्नु पर्ने:** (१) स्थानीय स्तरमा कुनै रोगको महामारी फैलिएमा ब्रह्मपुरी गाउँपालिकाले सोको प्रभाव क्षेत्र निर्कयौल गरी विद्यालयहरु बन्द गर्न, अस्थायी रुपमा बस्ती खाली गर्न

वा अन्यत्रका सर्वसाधारणलाई त्यस क्षेत्रको भ्रमणमा प्रतिबन्ध समेत लगाउन सक्नेछ ।

(२) दफा ३३ को उपदफा (१) कोपरिस्थितिमा महामारीबाट थप क्षति हुन नदिन आवश्यक सतर्कता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघिय सरकारमा अनुरोध गरी प्रभावकारी रुपमा परिचालन गरी व्यवस्थापन गर्नु गाउँपालिकाको कर्तव्य हुनेछ ।

(३) यस्तो आपत्कालीन अवस्थामा तत्कालै स्वास्थ्य सेवा पुर्याउन तोकिए बमोजिमको द्रुत प्रतिकार्य टोलीको निर्माण ब्रह्मपुरी गाउँपालिकाको कार्यपालिकाले तुरुन्तै गर्नु पर्नेछ ।

(४) महामारी तथा विपद व्यवस्थापनका लागि ब्रह्मपुरी गाउँपालिकाले विपद जोखिम न्यूनीकरणका लागि विपद प्रतिकार्य एवं पूर्व तयारी योजना बनाई लागूगर्नु पर्नेछ ।

४४. <u>सर–सफाई तथा स्वास्थ्यजन्य फोहोर मैला व्यवस्थापनः</u> (१) स्वास्थ्यजन्य फोहरमैला संकलन, पुनः प्रयोग, प्रशोधन, विसर्जन र नियमनका लागि नेपाल सरकारले तोकेको मापदण्ड लागूहुनेछ ।

(२) तोकिएको मापदण्ड बमोजिम जोखिमरहित र जोखिमयूक्त फोहरहरुलाई अलग अलग छुट्याई त्यसको उचित व्यवस्थापन गर्नु प्रत्येक स्वास्थ्य संस्थाको कर्तव्य हुनेछ ।

(३) प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो परिसरमा सेवाग्राहीका लागि स्वच्छ खानेपानी उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

४५. **जनस्वास्थ्यको संरक्षण र संबद्र्धनः** (१) गाउँपालिका क्षेत्रभित्र खाद्यान्न, मासु, पानी, दूध, तरकारी लगायतका उपभोग्य वस्तुको उत्पादन, भण्डारण तथा बिक्री वितरणलाई स्वच्छ बनाउने सम्बन्धमा ब्रह्मपुरी गाउँपालिका र प्रदेश सरकारले तोकेको र प्रचलित कानूनलाई आधार मानी गाउँपालिकाले कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्नु पर्नेछ ।

(२) गाउँपालिका क्षेत्रभित्र ध्वनि, वायूतथा जल प्रदूषणले जनस्वास्थ्यमा पार्ने प्रभावलाई न्यूनीकरण गर्न गाउँपालिकाले र प्रदेश सरकारले तोकेकोकानून र मापदण्ड अनुसार कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्नेछ ।

(३) वातावरणीय प्रदूषण तथा फोहोरमैलाबाट पर्ने प्रतिकूल प्रभाव नियन्त्रणका लागि ब्रह्मपुरी गाउँपालिका र प्रदेश सरकारको मापदण्डलाई नै कडाईका साथ लागू गरिनेछ ।

४६. **सूर्ती, मदिरा तथा सूर्तीजन्य पदार्थको नियमनः** (१) सूर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरणको लागि गाउँपालिकाबाट छुट्टै अनुमति लिनु पर्नेछ ।

(२) खाद्य पदार्थ बिक्री गर्ने पसलबाट सूर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरण गर्न पाइने छैन ।

(३) सूर्ती, मदिरा र लागुपदार्थजन्य वस्तुको बिक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निषेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ । विद्यालय, सरकारी कार्यालय, हाटबजार जस्ता क्षेत्रहरुको निश्चित दूरी तोकी धुम्रपान र मदिरापानलाई निषेध गर्न सकिनेछ ।

(४) खाद्य पदार्थसँगै सूर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा गाउँपालिकाले कारवाही गर्न सक्नेछ ।

(५) मदिरा, चुरोट, सूर्ती तथा सूर्तीजन्य पदार्थ लगायतका मानव स्वास्थ्यलाई प्रतिकूल असर गर्ने कुनै पनि सामाग्रीको उत्पादन, वितरण तथा प्रचार प्रसार गर्न पाइने छैन ।

(६) शारीरिक तथा मानसिक स्वास्थ्यलाई असर गर्ने कुनै सामाग्री तथा सेवातर्फ आकर्षित गर्ने गरी गलत वा भ्रामक सूचना राखी त्यस्तो सामाग्रीको उत्पादन, वितरण तथा प्रचार प्रसार गर्न पाइने छैन ।

(७) उपदफा (२),(३),(४),(५) र (६) को प्रावधान विपरीत हुने गरी कुनै कार्य गरेको देखिएमा गाउँपालिकाले पटकैपिच्छे रु. १०,००० (दश हजार) जरिवाना गरी थप कारवाहीका लागि स्थानीय प्रशासनमा लेखी पठाउनेछ ।

## परिच्छेद – ७

## स्वास्थ्य, वित्त र सामाजिक सुरक्षा

४७. **स्वास्थ्य सेवाका लागि वित्तीय स्रोतको व्यवस्थापनः** (१) यस ऐनमा उल्लेखित आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्न गाउँपालिकाले स्वास्थ्य सेवामा आवश्यक बजेट विनियोजन गर्नेछ ।

(२) आपतकालीन स्वास्थ संकट अवस्थाको लागि गाउँपालिकाले आकस्मिक स्वास्थ्य उपचार कोष स्थापना गर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्थापना हुने "आकस्मिक स्वास्थ्य उपचार कोष" मा देहाए बमोजिमका रकमहरु रहने छन्:

(क) नेपाल सरकारबाट प्राप्त रकम ।

(ख) प्रदेश सरकारबाट प्राप्त रकम ।

(ग) गैरसरकारी, निजी संघसंस्था तथा व्यक्तिगत दाताबाट प्राप्त रकम ।

(घ) दातृ निकायबाट प्राप्त रकम ।

(ङ) ब्रह्मपुरी गाउँपालिकाबाट कोषका लागि विनियोजित रकम ।

(४) उपदफा (२) बमोजिमको स्वास्थ्य सेवा कोषको सञ्चालन, व्यवस्थापन, विधि, पद्धति र आन्तरिक तथा वाह्य लेखा परीक्षणको प्रक्रिया गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) ब्रह्मपुरी गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा उपलब्ध रकम वा श्रोतको परिचालन प्रचलित कानूनको अधीनमा रही व्यवस्थापन समितिको निर्णय बमोजिम हुनेछ ।

४८. **सामाजिक सुरक्षाः** (१) नेपाल सरकारद्वारा कार्यान्वयनमा ल्याइएको स्वास्थ्य बीमा सम्बन्धि कार्यक्रममा गाउँपालिकाका सबै नागरिकलाई आबद्ध गराइनेछ । तर, आर्थिक अभावका कारण बीमा कार्यक्रममा आबद्ध हुन नसक्ने अति विपन्न तथा पछाडि परेका वर्गलाई ब्रह्मपुरी गाउँपालिकालेर प्रदेश सरकारसँगको सहकार्यमा निःशूल्क बीमा गराउने व्यवस्था मिलाउनुपर्नेछ ।

(२) गाउँपालिकाभित्र रहेका लक्षित वर्ग, महिला, बालबालिका, असहाय, अति विपन्न तथा अन्य लक्षित समूहलाई क्रमशः विशेष सामाजिक स्वास्थ्य सुरक्षाको व्यवस्था मिलाउँदै जानु गाउँपालिकाको कर्तव्य हुनेछ ।

## परिच्छेद – ८

## स्वास्थ्य समिति सम्बन्धी व्यवस्था

४९. **स्थानीय स्वास्थ्य समित गठनः** (१) यस ऐनमा व्यवस्था भए बमोजिम स्वास्थ्यसम्बन्धि काम कार्यवाहीलाई प्रभावकारी बनाउन र जनस्वास्थ्यको विषयहरुलाई नीति तथा कार्यक्रममा समावेश गर्ने सम्बन्धमा नीतिगत रुपमा सल्लाह सुझाव दिन गाउँपालिकामा एक स्थानीय स्वास्थ्य समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यहरु रहने छन्-

| क.स. | समितिमा रहने सदस्यहरु | समितिमा रहने पद |
|---|---|---|
| १ | गाउँपालिकाको अध्यक्ष | अध्यक्ष |
| २ | गाउँपालिकाको उपाध्यक्ष | सदस्य |
| ३ | गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४ | प्रशासन शाखा प्रमुख | सदस्य |
| ५ | शिक्षा शाखा प्रमुख,सम्बन्धित स्थानीय तह | सदस्य |
| ६ | महिला तथा बालबालिका शाखा प्रमुख, सम्बन्धित स्थानीय तह | सदस्य |
| ७ | गाउँपालिका भित्रको अस्पतालबाट चिकित्सक १, नर्सिङ १ | सदस्य |
| ८ | प्रतिनिधिःगैह्र सरकारी संस्था(१ जना) | सदस्य |
| ९ | प्रमुखःनिजी तथा गैह्र सरकारी अस्पतालहरु मध्ये बाट १ जना | सदस्य |
| १० | उपभोक्ता मञ्चहरुबाट गाउँपालिका प्रमुखले तोकेको १ जना प्रतिनिधि | सदस्य |
| ११ | स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

(३) समितिका सदस्यले नियमानुसार बैठक भत्ता पाउनेछन।

(४) स्थानीय स्वास्थ्य समितिको काम,कर्तव्य र अधिकारः समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) स्वास्थ्य तथा स्वास्थ्य सेवा सम्बन्धि नीति तथा योजना तर्जुमा,अध्ययन,अनुसन्धान गर्न सिफारिस गर्ने,

(ख) स्वास्थ्य सम्बन्धि बहुक्षेत्रीय नीति,योजना तथा कार्यक्रम पुनरावलोकन गरी आवश्यक सुझाव दिने,

(ग) स्वास्थ्य सेवाको विभिन्न विषयमा प्राथमिकता निर्धारण गरी कार्यान्वयन गर्न सुझाव दिने,

(घ) जनस्वास्थ्यको सम्बन्धमा विकास एवं सुधार गर्न आवश्यक सुझाव तथा कार्यक्रमको व्यवस्थाका लागि पहल गर्ने,

(ङ) स्वास्थ्यसँग सम्बन्धित कुनै विषयमा सुझाव प्रस्तुत गर्न आवश्यक्ता अनुसार मापदण्ड,निर्देशिका,कार्यविधि तर्जुमा गर्न परामर्श दिने,

(च) आवश्यक्ता अनुसार उप-समिति बनाउने,

(छ) समिति,उपसमितिले आवश्यक्ताअनुसार विज्ञ आमन्त्रण गरी कार्य गर्ने गराउनें,

(ज) यस ऐन बमोजिमको कसुर ठहर भएमा दण्ड सजायको लागि सिफारिस गर्ने।

(५) समितिको बैठक र निर्णयः (क) समितिको बैठक अध्यक्षले तोकेको मिति,समय र स्थानमा बस्नेछ।

(ख) समितिको सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

(ग)बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यले आफुहरु मध्येबाट छानेको व्यक्ति अध्यक्ष हुनेछ।

(घ) बैठकको निर्णय अध्यक्ष,प्रमुख प्रशासकीय अधीकृत र सदस्य सचिवले प्रमाणित गर्नेछ।

(ङ) बैठक सम्बन्धि अन्य कार्यविधी समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**५०. <u>प्राविधिक समितिको गठनः</u>** (१) स्वास्थ्य संस्थाको स्थापना,सञ्चालन,स्तरोन्नत्ति ,स्वास्थ्य सेवाको गुणस्तरियता सुनिश्चित गर्न,मापदण्ड तोक्न तथा तोकिएको मापदण्ड अनुरुप सञ्चालन भएका स्वास्थ्य संस्थाको अनुगमन गरी सिफारिस गर्ने गाउँपालिकामा एक प्राविधिक समिति रहनेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने प्राविधिक समितिमा देहायका सदस्य रहनेछन-

| क्र.स. | समितिमा रहने सदस्यहरु | समितिमा रहने पद |
|---|---|---|
| १ | स्थानीय तहले तोकेको जनस्वास्थ्य निरीक्षक/सिनियर अ.हे.व. अधिकृत | संयोजक |
| २ | स्थानीय तहले तोकेको सम्बन्धित विषय विज्ञ | सदस्य |
| ३ | स्वास्थ्य संस्थाहरुको प्रमुखहरु मध्येबाट स्थानीय तहले तोकेको -१ जना | सदस्य |
| ४ | स्वास्थ्य संस्थाहरुमा कार्यरत नर्सिङ्ग कर्माचारीमध्येबाट स्थानी तहले तोकेको -१ जना | सदस्य |
| ५ | (सब) इन्जिनियर (सिभिल)-१ जना | सदस्य |
| ६ | ल्याव असिसटेन्ट-१ जना | सदस्य |
| ७ | प्रहरी अधिकृत-१ जना | सदस्य |
| ८ | स्वास्थ्य हेर्ने विषयगत समिति संयोजक | सदस्य |
| ९ | स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

नोटः विषय विज्ञहरु आवश्यक्ताअनुसार आमन्त्रन गर्न सकिनेछ।

(३) प्राविधिक समितिको काम,कर्तव्य र अधिकारः प्राविधिक समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) स्वास्थ्य संस्था सम्बन्धी विभिन्न मापदण्डको लेखाजोखा गरी सिफारिस गर्ने,

(ख) स्वास्थ्य संस्थाको मान्यता र प्रमाणिकरण गर्नको लागि मापदण्ड तर्जुमा गरी सो बमोजिम स्वास्थ्य संस्थाको वर्गीकरण गर्न सिफारिस गर्ने,

(ग) मान्यता तथा प्रमाणीकरण मापदण्ड बमोजिम सेवा प्रवाह भए नभएको मूल्याङ्कन गरी सिफारिस गर्ने,

(घ) समितिमा प्राप्त उजुरीउपर छानबिन गरी मापदण्ड पूरा नगरेको स्वास्थ्य संस्थाको सेवा आंशिक वा पूर्ण रुपमा बन्द गर्न गाउँपालिकालाई सिफारिस गर्ने,

(ङ) स्वास्थ्य संस्था संचालन अनुमतिको लागि सिफारिस गर्ने।

## परिच्छेद – ९

## अनुसन्धान र सूचना व्यवस्थापन

५१. स्वास्थ्य अनुसन्धान र सूचना व्यवस्थापनः (१) स्वास्थ्य अनुसन्धानः

(क) गाउँपालिकाले स्वास्थ्य सेवासँग सम्बन्धित बिषयमा अध्ययन, अनुसन्धान र खोज गर्न वा गराउन सक्नेछ ।

(ख) गाउँपालिकाले गाउँपालिकाभित्र उपलब्ध औषधी जन्य जडिबुटीको अध्ययन अनुसन्धान गरी त्यसको संरक्षण, विकास र उपभोग गर्न बहूपक्षीय सहकार्य ( स्थानीय तह, निजीक्षेत्र तथा अन्य क्षेत्रसँग) गर्न छुट्टै मापदण्ड बनाउन सक्नेछ ।

(ग) नागरिकको शारीरिक, मानसिक, वातावरणीय र आध्यात्मिक स्वास्थ्य अवस्थाको उत्थान गर्न, रोग प्रतिरोधी क्षमताको विकास गर्न र आत्मिक शान्ति प्रबद्र्धन गर्न गाउँपालिकाले यो ऐनमा विस्तृत रुपमा उल्लेख नभएका कुराहरुलाई समेत समेटेर आवश्यकता अनुसार एकीकृत रुपमा वा अलग अलग रुपमा सिद्धान्त, निती, कार्यक्रम, विधि, स्थल, प्रक्रिया र पद्धतिको तर्जुमा, घोषणा र कार्यान्वयन गर्न वा गराउन सक्नेछ ।

(२) सूचना व्यवस्थापनः

(क) स्वास्थ्य सेवाको सूचना व्यवस्थापन र आपूर्ति व्यवस्थापन सूचना प्रणालीलाई व्यवस्थित गरी यसैका आधारमा प्रत्येक वर्ष स्वास्थ्य क्षेत्रको एकीकृत वार्षिक रिपोर्ट तयार गर्नु पर्नेछ ।

(ख) प्रत्येक स्वास्थ्य संस्थाबाट सेवा लिएका हरेक सेवाग्राहीको तोकिए बमोजिमको अभिलेख राख्ने र सो अनुसारको प्रतिवेदन तोकिएको निकाय समक्ष पेश गर्नु सम्बन्धित स्वास्थ्य संस्था र गाउँपालिकाको स्वास्थ्य शाखाको दायित्व हुनेछ ।

## परिच्छेद – १०

## कसूर तथा दण्ड सजाय

**५२. कसूर गरेको मानिने:** (१) कसैले देहाय बमोजिम कार्य गरेमा यो ऐन बमोजिमको कसूर गरेको मानिनेछ-

(क) दफा २१ बमोजिम इजाजतपत्र नलिई स्वास्थ्य संस्था सञ्चालन गरेमा,

(ख) स्वास्थ्य उपचार सेवा प्रदान गर्न इन्कार गरेमा,

(ग) मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुलाई बाँधेर राख्ने वा खोरमा थुन्ने जस्ता कार्य गरी उपचार गरेमा,

(घ) स्वास्थ्य संस्थाले आधारभुत स्वास्थ्य सेवा तथा स्वास्थ्य संस्थामा उपलब्ध हुने आकस्मिक उपचार प्रदान गर्न इन्कार गरेमा,

(ङ) दफा ११ बमोजिम सुसूचित सहमति नलिई उपचार सेवा प्रदान गरेमा,

(च) दफा १२ बमोजिम सेवाग्राहीलाई समान व्यवहार नगरेमा,

(छ) दफा १४ बमोजिम गोपनीयता कायम नगरेमा,

(ज) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई यो ऐन अन्तर्गतको कर्तव्य निर्वाह गर्न बाधा व्यवधान उत्पन्न गरेमा,

(झ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई यो ऐन बमोजिम सूचना वा जानकारी गराउनु पर्ने व्यक्तिले त्यस्तो सूचना वा जानकारी उपलब्ध नगराएमा,

(ञ) स्वास्थ्यकर्मी वा सेवाप्रदायकलाई जानीजानी गलत सूचना उपलब्ध गराएमा,

(ट) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई झुक्याउन अर्को व्यक्ति भएको बहाना गरेमा,

(ठ) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम,मापदण्ड,निर्देशिका तथा कार्यविधी बमोजिम जारी भएको सूचना पालना नगरेमा,

(ड) खाध्य पदार्थ ,पानी तथा वायुको गुणस्तरका कारण जनस्वास्थ्यमा प्रतिकुल प्रभाव पारेमा,

(ढ) दफा ४६ को उपदफा (५) र (६) बमोजिम जनस्वास्थ्यलाई प्रतिकूल प्रभाव पार्ने कसैले विज्ञापन गरेको पाइएमा,

(ण) प्रचलित कानुन बमोजिम स्वीकृति नलिई मानव जैविक नमुना सङ्कलन गर्न तथा मुलुक बाहिर लैजाने कार्य गरेमा,

(त) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम,मापदण्ड,निर्देशिका तथा कार्यविधि विपरीतको अन्य कुनै कार्य गरेमा।

५३. सजायः दफा ५२ बमोजिमको कसुरमा देहाय बमोजिम सजाय हुनेछः

(क) खण्ड (क) र (ण) बमोजिमको कसुर गरेमा दश लाख रुपैयाँ जरिबाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय,

(ख) खण्ड (ख),(घ),(ङ),(च),(छ),(ज),(झ),(ञ),(ट),(ठ),(ड) र (त) बमोजिमको कसूर गरेमा पच्चीस हजार देखि पचास हजार रुपैयासम्म जरिवाना,

(ग) खण्ड (ग) बमोजिमको कसुर गरेमा पचास हजार रुपैयासम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय,

(घ) खण्ड (ढ) बमोजिमको कसूर गरेमा विज्ञापन प्रशारण गर्नेलाई रु. दश हजार रुपैया जरिवाना।

**५४. अनुसन्धान गर्ने अधिकारीः** यस ऐन अन्तर्गत कसूर ठहरिने मुद्दाको अनुसन्धान र तहकिकात गर्ने अधिकार नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अधिकारीलाई हुनेछ।

**५५. नेपाल सरकार बादी हुनेः** यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकार बादी हुनेछ।

**५६. मुद्दा हेने र पुनरावेदन सुन्ने अधिकारीः** (१) यस ऐन बमोजिम कसूर ठहरिने मुद्दाको शुरू कारबाही र किनारा गर्ने अधिकार जिल्ला अदालतलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम जिल्ला अदालतले गरेको निर्णयमा चित्त नबुझने पक्षले उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ।

**५७. क्षतिपुर्तिः** (१) यस ऐन बमोजिम कसूर ठहर भएको अवस्थामा मर्का पर्न गएको पक्षलाई पुग्न गएको वास्तविक हानि,नोक्सानी बापत मुद्दा हेर्ने अधिकारीले कसूरदाताबाट उपर्युक्त क्षतिपुर्ति भराउने आदेश दिनेछ।

(२) क्षतिपूर्ति भराउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद – ११

## विविध

**५८. स्वास्थ्य सेवाका कर्मचारीहरुको स्तरबृद्धि सम्बन्धमा:-** (१) यो ऐन प्रारम्भ हुदाँको बखतमा यस गाउँपालिका भित्र स्वास्थ्य सेवामा स्थायी नियुक्ति भई २०६९ सालमा छैठौं तहमा स्तरबृद्धि भएका तर समायोजनका बखत एक तह स्तरबृदि हुनु पर्नेमा सो नभएका स्वास्थ्यकर्मीहरु लाई पछिल्लो दुई आर्थिक वर्षको का.स.मू. मा उत्कृष्ट अङ्क प्राप्त गरेका,छैठौं तहमा स्तरबृदि भएका र सो तहमा आठ बर्ष सेवा अवधि पुरा भएका स्वास्थ्यकर्मीहरु लाई अख्तियार बालाले एक पटकको लागि सातौ तहमा स्तरबृद्दि गरि दिनेछ र सो मितिबाट नै जेष्ठता कायम हुनेछ।यसरी स्तरबृद्दि हुने पद स्वतः सिर्जना हुनेछ, र कुनै कारणले निज स्वास्थ्यकर्मीहरु सेवामा बहाल नरहेमा सो पद स्वतः खारिज हुनेछ।

५९. **प्राईभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल सञ्चालनका लागि सिफारिश लिनु पर्ने:** (१) ब्रह्मपुरी गाउँपालिका क्षेत्रभित्र कुनै निजी क्षेत्रले राष्ट्रिय वा प्रादेशिक मापदण्ड अनुरुपका मेडिकल कलेज, स्वास्थ्य विज्ञान अध्ययन संस्थान, अस्पताल वा निदान केन्द्रजस्ता ठूला स्वास्थ्य संस्थान स्थापना गर्नका लागि सम्बन्धित गाउँपालिकाबाट सिफारिश लिएको हुनुपर्नेछ ।

(२)उपदफा (१) बमोजिमको सिफारिस लिंदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनीकरणकालागि आवश्यक कार्यक्रम र बजेट समेत प्रस्ताव गरिएको हुनुपर्नेछ ।

(३) सिफारिश पत्र लिंदा गाउँपालिकाको नियमानुसार दस्तुर बुझाउनु पर्नेछ ।

६०. **राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुर्याउनु पर्ने:** संघ वा प्रदेशबाट जारी गरिएका राष्ट्रिय वा प्रादेशिक अभियानहरुलाई सफल बनाउन सहयोग पुर्याउनु गाउँपालिकाको कर्तव्य हुनेछ ।

६१. **थप कार्यक्रम सञ्चालन गर्न सक्ने:** गाउँपालिकाले आवश्यक देखेमा यो ऐनको भावना विपरीत नहुने गरी थप सेवा, सुविधा, विशेष प्याकेज, कुनै विशिष्टीकृत स्वास्थ्य सेवा वा अभियान, रक्तसेवा, घनीभूत शहरी स्वास्थ्य सेवा वा अन्य कार्यक्रमहरु समेत सञ्चालन गर्न सक्नेछ ।

६२. **नियम बनाउन अधिकार हुने:** यो ऐनको प्रभावकारी कार्यान्वयन गर्ने क्रममा आवश्यक पर्ने निती, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड जस्ता कानूनी आधार तयार गरी लागू गर्ने अधिकार गाउँपालिकामा अन्तर्निहित रहनेछ ।

६३. **गाउँपालिकाको कर्तव्य हुने:** यस ऐनमा अन्यत्र जुनसुकै कुरो लेखिएको भएता पनि महामारी वा संक्रामक रोगको प्रकोपलाई फैलन नदिई नागरिकको स्वास्थ्य सुरक्षा गर्न आवश्यक पर्ने क्वारेण्टाइन स्थल, आइसोलेसन केन्द्र वा अलग

बसोबासको व्यवस्था मिलाई त्यस्ता केन्द्रहरुको सञ्चालन गर्ने कर्तव्य गाउँपालिकाको हुनेछ ।

६४. <u>बाधा अडकाउ फुकाउने:</u> यो ऐन कार्यान्वयनको सिलसिलामा कुनै बाधा अडकाउ परेमा सो फुकाउने जिम्मेवारी गाउँपालिकाकोहुनेछ ।

६५. <u>ऐनको व्याख्या:</u> यो ऐनको अक्षर र आशयका सम्बन्धमा कुनै दुविधा उत्पन्न भएमा त्यसको व्याख्या गर्ने अधिकार गाउँपालिकालाई हुनेछ ।

६६. <u>बचाउ:</u> यो ऐन प्रारम्भ हुनुभन्दा पहिलेदेखि प्रचलनमा रहेका तर, अब यो ऐनको क्षेत्राधिकार भित्र पर्ने सबै सेवा, पदनाम र संस्थाहरुको काम यसै ऐन अनुरुप भए गरेको मानिनेछ ।

**प्रमाणीकरण मितिः २०८१ असार १०**

**आज्ञाले,**

**उपेन्द्र राउत**

**प्रमुख प्रशासकीय अधिकृत**